आज मिति २०७८।३।२१ गतेका दिन बिहान ९.०० बजे परशुराम नगरपालिका नगरकार्यपालिकाको सातौं बैठक नगर प्रमुख श्री भरत बडायर जोशी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि देहायको निर्णय गरियो।

उपस्थिति

नगरप्रमुख श्री भरत बडायर जोशी
नगर उपप्रमुख श्री निर्मला कुमारी बोहरा
१ नं. वडा अध्यक्ष श्री लाल बहादुर धामी
२ " श्री रमेश बहादुर बोहरा
३ " श्री नरेस बहादुर खवास
४ " श्री विश्राम सिंह बोहरा
५ " श्री दिल बहादुर शाही
६ " श्री खगेन्द्र बहादुर सिंह
७ " श्री कर्ण बहादुर धामी
८ " श्री दिनेस प्रसाद जोशी
९ " श्री देव बहादुर बोहरा
१० " श्री रामकुमार नाट
११ " श्री प्रकाश ऐर
१२ " श्री महाविर कामी
नगरकार्यपालिका सदस्य श्री कु. मीना जोरा भण्डारी
" " श्री दुरा खाती
" " श्री विमला खाती
" " श्री लिलावती कु. बोहरा
" " श्री हेमन्ती दमाई
" " श्री गौरा लुहार
" " श्री जय ब. औरबेडा
" " श्री खिविराम कामी
प्रमुख प्र. अ. श्री तारानाथ पनेरु
शाखा अधिकृत श्री कृष्णदेव जोशी
लेखा " श्री धन ब. साउद
कानुन " श्री गोविन्द राज जोशी
सूचना प्र. अ. श्री जितेन्द्र जोशी

परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०३।२१ गतेको सातौं वैठकका

निर्णयहरु

निर्णय नं. १

कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तरण कार्यक्रम सम्बन्धमा मिति २०७८/११/२४ गतेको यस परशुराम नगरकार्यापलिकाको निर्णयानुसार वडा कार्यालयहरुलाई अधिकतम ६० जना कोरोना प्रभावित ब्यक्तिहरुको कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधी २०७८ बमोजिम छनौट गरी पठाउने निर्णय भएकोमा वडा कार्यालयबाट प्राप्त विवरण र सिफारिस अनुसार यस कार्यालयबाट मिति २०७९/०३/१९ गतेको दावी विरोधको सूचना तथा कार्यविधी बमोजिम आज मिति २०७९/०३/२१ गतेका दिन बेलुकी ५.०० वजे कार्यालय समय भित्र प्राप्त दाबी विरोध लाइ समेत आधारमानि सम्बन्धित वडा कार्यालय ले मिति २०७९/०३/२२ गते विहान ११ बजे भित्र अन्तिम सूचि तयार गरि सम्बन्धित लाभग्राहीको बैंक खाता सहितको पूर्ण विवरण नगरपालिकामा अनिवार्य पठाउनुपर्ने निर्णय गरियो ।

निर्णय नं २

यस परशुराम नगरपालिकामा चालु आ. व. मा सञ्चालित भौतिक पूर्वाधारका योजनाहरु विभिन्न कारणले समयमा सम्पन्न हुन नसकेको अवस्था रहेको हुँदा थप आर्थिक दायित्व सिर्जना नहुने गरी सार्वजनिक खरिद (बाह्रौं संसोधन) नियमावली २०७९ बमोजिम अन्तिम पटकका लागि आवस्यकता अनुसार ३ महिना देखि १ वर्ष सम्म म्याद थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै ठेक्कापट्टा मार्फत सम्पन्न भएका योजनाहरुको धरौटी फुकुवा गर्दा सम्बन्धीत साइट प्राविधीक (इन्जिनियर/ सव इन्जिनियर) को प्राविधीक रिपोर्ट, सिफारिस,

सम्बन्धीत कार्यालय र वडा कार्यालयको सिफारिस बमोजिम नियमानुसार फुकुवा गर्ने निर्यण गरियो ।

निर्णय नं. ३

राष्ट्रपति शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत यस परशुराम नगरपालिकामा निर्माणाधिन २ कोठे र ४ कोठे भवन निर्माणको सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय, शिक्षा तथा मानब श्रोत विकास केन्द्रको च. नं. २२५, मिति २०७९/०३/१७ गतेको पत्रानुसार सम्बन्धीत विद्यालयको खातामा रकम निकासा गरी कार्यान्वयन गर्न गराउन हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय तह वित्तीय शुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ अनुसार यस परशुराम नगरपालिकाको मूल्याङ्कन गर्दा प्राप्त नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस परशुराम नगरपालिकाको मिति २०७९/०३/२१ गते सम्पन्न बहुक्षेत्रीय पोषण योजनाको नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठकका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. ६

यस परशुराम नगरपालिकाकाको नेपाल सरकारबाट उत्कृष्ट विद्यालय एकमुस्ट अनुदान बाफत प्राप्त शशर्त वजेट रु. २,००,०००। निर्देशिका बमोजिम मापदण्ड पुरा गरेको परशुराम नगरपालिका वडा नं. ०७ को शिवशंकर माध्यमिक विद्यालय साँदनीलाई छनौट गरीयो ।

निर्णय नं. ७

यस परशुराम नगरपालिकामा प्राप्त संघीय सरकारको सशर्त वजेट अन्तर्गत नवीकरणीय उर्जा प्रविधी जडानमा प्राप्त रकम रु. १०,००,०००। (दश लाख) बाट यस नगरपालिकाका विभिन्न वडाहरुमा विगतका वर्षमा जडान गरिएका विग्रेका सडक बत्तीहरु मर्मत गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ०८

यस परशुराम नगरपालिकामा शिक्षा शाखा तर्फको चालु आ. व. को शशर्त कार्यक्रम प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवं कक्षा ०८ को परीक्षा ब्यवस्थापन अनुदानमा न्यून हुन गएको रकम रु. ५५६७३०। शिक्षा शाखाको सशर्त कार्यक्रम सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा अनुदानमा बचत रकमबाट रकमान्तर गरी निकासा गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।